# पैयूँ गाउँपालिकाका अध्यक्ष श्री तोरण मल्ल ठकुरीज्यूले बाह्रौं गाउँसभामा प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम

(२०८०/०३/०८)

**उपाध्यक्षज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, सदस्यज्यूहरु, कर्मचारी तथा सुरक्षाकर्मी र सञ्चारकर्मी मित्रहरु,**

**पैयूँ गाउँपालिकाको यस गरिमामय गाउँसभामा आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महसुस गरेको छु ।**

१ संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा सामाजिक आर्थिक परिवर्तनको आन्दोलनमा मुलुक र जनताका लागि प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरुमा उच्च सम्मान प्रकट गर्दछु।

**सदस्यज्यूहरु,**

**चालु आर्थिक वर्षको संक्षिप्त प्रगति समीक्षा प्रस्तुत गर्न चाहन्छु**

२ गाउँपालिकाको केन्द्रमा रहेको हुवास स्वास्थ्य चौकीलाई थप सुविधासम्पन्न बनाउन एक स्वास्थ्य चिकित्सकको व्यवस्था गरी विरामीहरुको उपचारमा भिडियो एक्सरे, इ.सि.जि. र डिजिटल एक्सरे मेसिनलाई प्रयोगमा ल्याइएको छ भने उक्त स्वास्थ्य चौकीको स्तरोन्नति गरी १० शैयाको अस्पताल बनाउन भौतिक संरचनाको निर्माणकार्य अघि बढेको साथै पैयूँ आधारभुत अस्पतालको रुपमा सेवा प्रारम्भ भइसकेको छ ।

३ गाउँपालिकाका सबै वडामा आधारभूत स्वास्थ्य सेवाको पहुँच पुऱ्याउने लक्ष्य अनुरुप वडा नं. ५ मा आधारभूत स्वास्थ्य केन्द्र भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

४ विशेषज्ञ सेवासहितको स्वास्थ्य सेवाबाट वञ्चित रहेका जनताहरुलाई लक्षित गरी विशेषज्ञसहितको स्वास्थ्य शिविर कार्यक्रम सम्पन्न गरिएको छ।

५ उपाध्यक्षसँग गर्भवती तथा सुत्केरी सञ्चो बिसञ्चो कार्यक्रमको निरन्तरताबाट चालु आ.व.मा १४० जना गर्भवती तथा सुत्केरी महिलाहरुलाई रु.५ हजारका दरले सुत्केरी पोषण भत्ता उपलव्ध गराइएको छ जसबाट आमा तथा नवजात शिशु स्वस्य रहन मद्दत पुगेको छ ।

६ सामुदायिक विद्यालयहरुमा दिवा खाजा कार्यक्रम अन्तर्गत बालविकास केन्द्रदेखि कक्षा ६ सम्मका सबै विद्यार्थीहरुलाई खाजा खुवाउने कार्यक्रमलाई निरन्तरता दिइएको छ। यस कार्यक्रमले बालपोषण स्वास्थ्यमा समेत सकारात्मक प्रभाव पारेको छ।

७ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत देउराली आधारभूत विद्यालयमा ICT ल्याब सञ्चालनमा ल्याइएको छ भने यज्ञश्वर आधारभूत विद्यालय र बालनयन प्रा.वि. मा २ कोठे भवन निर्माण कार्य भइरहेको छ ।

८ वडा नं. ४ मा अवस्थित जनसेवा संस्कृत मा.वि. मा नेपाली र अङ्ग्रेजी माध्यमबाट पठनपाठन प्रारम्भ गरी गाउँपालिकाको नमुना विद्यालय बनाउने कार्यको सुरुवात गरिएको छ भने पैयूँका जनप्रतिनिधि विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक अभिभावक संघका पदाधिकारी र सरकारी कर्मचारीका सन्ततिहरुलाई सरकारी विद्यालयमा पठनपाठन गराउने व्यवस्था लागु गरिएको छ ।

९ सबै विद्यालयमा १ देखि ५ कक्षासम्मका विद्यार्थीहरुलाई अङ्ग्रेजी माध्यमबाट पठनपाठन गर्ने व्यवस्था मिलाइएको छ क्रमशः १० कक्षासम्म अङ्ग्रेजी माध्यमबाट पठनपाठन गरिनेछ ।

१० साना सिंचाई अन्तर्गत सात वटै वडामा १० वटा योजना रहेकोमा ४ वटा योजना सम्पन्न भई बाँकी ६ वटा योजनासमेत चालू आ.व. भित्रै सकिने गरी आवश्यक कार्यप्रक्रिया अगाडि बढाइएको छ ।

११ गाउँपालिकाको प्रशासकीय भवन साथै ३ र ६ नं वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न भई आगामी आर्थिक वर्षदेखि आफ्नै भवनबाट सेवा सञ्चालन हुने गरी अन्तिम चरणमा पुगेको छ ।

१२ पैयूँ खोलाबाट हुन सक्ने नदीजन्य कटानलाई मध्यनजर गरी खोला किनारमा तारजाली लगाउने काम सम्पन्न भएको छ जसबाट वर्षायाममा खोलाको बाढीबाट हुन सक्ने सम्भावित जोखिमलाई न्यूनीकरण गरिएको छ ।

१३ गाउँपालिकाको मुख्य बजार केन्द्रलाई व्यवस्थित गर्न मर्दीखोला पुरानो बजार सडक स्तरोन्नति गरिएको छ भने अन्य स्थानमा ढल व्यवस्थापनको काम निर्माणाधिन अवस्थामा छ ।

१४ गाउँपालिकाका महत्वपूर्ण सडकहरुमध्ये बालाकोट सित्ले साधने सडक, चिसापानी छहरे सडकको स्तरोन्नति गरिएको छ ।

१५ व्यावसायिक पशुपालनमा स्तरवृद्धि ल्याउन अत्यावश्यक औषधी खरिद गरी पशुपालक किसानहरुलाई वितरण हुदै आएको छ भने नस्लसुधारका लागि आवस्यक सामग्रीको खरिद प्रकृया अगाडि वढेको छ।

१६ पशुपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत उत्कृष्ट किसानहरुलाई प्रोत्साहन अनुदान प्रदान गरिएको छ।

१७ धानबाली पकेट कार्यक्रम अन्तर्गत वडा नं. १ देखि ७ सम्मका विभिन्न ८ वटा समूह, सहकारी र फर्महरु छनौट गरी धानको बीउ वितरण गरिएको छ ।

१८ किसान पहिचानका लागि किसान सूचीकरण कार्यक्रम सञ्चालन गरिएको छ जसमा १९ सय घरधुरी सूचीकृत भएका छन्। साथै माटो परीक्षण शिविर कार्यक्रमसमेत सम्पन्न भएको छ ।

१९ लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ तथा पुराना गरी जम्मा ३१८ जना उद्यमीहरुलाई विभिन्न व्यावसायिक तालिम दिई ५५ जनालाई प्रविधि हस्तान्तरण गरिएको छ जसबाट उद्यमशीलताको विकास भई स्थानीय रोजगारीलाई समेत टेवा पुगेको छ ।

२० सबै वडामा पञ्जीकरणलाई विद्युतीय माध्यमबाट गरिएको छ, जसबाट जन्म, मृत्यु, बसाइसराई जस्ता पञ्जीकरण सम्बन्धी अभिलेख चुस्त दुरुस्त रहेको छ, सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई व्यवस्थित बनाइएको छ ।

२१ परम्परागत कृषि प्रणालीलाई यान्त्रिकीकरण गर्ने उद्देश्यले यस आ.व.मा पनि कृषकहरुलाई १९ वटा मिनी ट्रेलर र १७ वटा कुटानी पिसानी मिल प्रदान गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

२२ बढ्दो बजारीकणबाट उत्पन्न हुने फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधान गर्न वडा नं. ५ मा ल्याण्डफिल्ड साइट निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

२३ रोजगार सेवा केन्द्र मार्फत स्थानीय आवश्यकता अनुसार विशेष रुपमा ग्रामीण भौतिक पूर्वाधारका विभिन्न २० वटा आयोजना सम्पन्न भई दलित, महिला, विपन्न, वेरोजगार लक्षित वर्गका ५१ जनाले रोजगारी पाएका छन् । यस कार्यक्रमबाट गरिब परिवारलाई राहत पुगेको छ । वैदेशिक रोजगारीको सिलसिलामा रहेका श्रमिकहरुको श्रम स्वीकृत र पुनः श्रम स्वीकृति गर्ने कामसमेत गरिएको छ ।

२४ न्यायिक समिति सञ्चालनका लागि तयार भएको कार्यविधि अनुसार कर्मचारीको व्यवस्था भई नियमित कार्य सम्पादन भएको छ । यसले कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवादहरु स्थानीय न्यायिक समितिबाट निरुपण भई जनताहरुलाई न्यायको पहुँच पुगेको महसुस गरिएको छ ।साथै ७ वटै वडाहरुमा वडास्तरीय मेलमिलापकर्ता छनौट भई उनीहरुलाई ८ दिवसीय मेलमिलापसम्वन्धि आधारभुत तालिम दिइएको छ जसबाट स्थानीय स्तरमा रहेका विभिन्न असमझदारीहरुलाई समाधान गरी स्थानीयबासीहरुबीच मेलमिलाप र सौहार्द्रपूर्ण वातावरण कायम गर्ने अपेक्षा राखिएको छ।

२५ विपद् व्यवस्थापनको जिम्मेवारी तीन वटै सरकारको भएको भएतापनि स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार भएको नाताले विपद् प्रतिकार्यमा पालिकाको प्रमुख भूमिका रहँदै आएको छ । यसै सन्दर्भमा बाढीपहिरोजन्य विपद्बाट क्षति भएका स्थानीय स्तरका संरचनाहरु सुधार तथा मर्मतका लागि, उपयुक्त स्थानमा खानेपानी पाइप र तारजालीसमेत उपलब्ध गराइएको छ ।

२६ शौचालय नभएका र जोखिमयुक्त घरबासमा रहेका अति विपन्न नागरिकको शौचालय निर्माण र सुरक्षित घरबास निर्माणको पहिलो चरणको कार्य सम्पन्न भएको छ ।

**सदस्यज्यूहरु,**

**अब म आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।**

**आर्थिक क्षेत्र**

२७ गाउँपालिकाको भौगोलिक तथा वातावरणीय सम्भाव्यताको अध्ययन गरी उपयुक्त स्थानमा कृषि, पशुपालन फलफूल खेती लगायतका नगदे बालीहरुको उत्पादनमा जोड दिँदै पकेट क्षेत्रको स्थापना गरी सामूहिक तथा व्यावसायिक उत्पादनमा बढावा दिइनेछ । कृषकसंगको साझेदारीमा **एक वडा एक पहिचान कार्यक्रम** सञ्चालन गरिने छ ।

२८ कृषि तथा पशुपालन व्यवसायमा प्रोत्साहन गर्न उत्पादनमा आधारित प्रोत्साहन अनुदान **कार्यक्रम** सञ्चालन गरिनेछ ।

२९ गाउँपालिका क्षेत्रभित्रका कृषियोग्य जमिनमा साना सिंचाइ कुलोहरुको निर्माण तथा मर्मत गरी बाह्रै महिना सिंचाइको सुविधा पुर्‍याउन आवश्यक व्यवस्था मिलाइनेछ ।

३० जलवायु अनुकूलन सिंचाई विशेष कार्यक्रम सुरुवात गरी पहाडी क्षेत्रमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउन साना तथा मझौला प्रकृतिका ड्याम निर्माण गरी पोखरी बनाउने साथै उक्त संरचनामा जल विहार गर्न पर्यटकलाई आकर्षित गर्ने प्रदेश सरकारको नीतिलाई आत्मसात गर्दै यस गाउँपालिकाका सम्भावित स्थानहरुमा जलाशय बनाउने कार्य गर्न प्रदेश सरकारसंग समन्वयात्मक पहल गरिनेछ ।

३१ व्यावसायिक खेती तथा नगदे बालीको प्रवर्द्धन गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरी कृषि व्यवसाय प्रवर्द्धनका माध्यमबाट रोजगारी सिर्जना गर्ने नीति लिइनेछ ।

३२ पशु स्वास्थ्यलाई ध्यानमा राखी अत्यावश्यक औषधी, उपकरण र सामग्रीको व्यवस्था गरिनेछ। साथै संघीय सरकारको सहयोग र समन्वयमा आगामी आर्थिक वर्षदेखि एक भेटेरिनरी डाक्टरको व्यवस्था मिलाइनेछ ।

३३ कृषि उत्पादनको सङ्कलन तथा बजारीकरणलाई व्यवस्थित गर्न आगामी आर्थिक वर्षदेखि चिस्यान केन्द्र सञ्चालन गरिनेछ ।

३४ पर्यटन प्रवर्द्धनसम्बन्धी पूर्वाधार निर्माणको कार्यलाई जोड दिइनेछ जसबाट गाउँपालिकाको आर्थिक विकासमा पर्यटन क्षेत्रको महत्वपूर्ण योगदान रहनेछ ।

३५ ऐतिहासिक पैयूँकोट, नायक सायब थान, फूलबारी दरबार, पालुस्थान, दफूर्को, चालालुङ्ग गुफा, शिवपुरी धाम, चन्द्रेश्वर शिवालय मन्दिर, बानिडाँडा छहरे झरना, ढुवाखोला झरना, गोभानसिंह कपासे झरना, छिच्याउदी झरना, टकलाक शिवालय मन्दिर, विश्वनाथ शिला, नागेश्वर मन्दिर, नाच्नेडाँडा पर्यटकीय स्थल, कोलकाटे, वैष्णवी देवी मन्दिर, मुसुरबारी कालिकादेवी मन्दिर, चिन्तन चौतारी, टाङटाङ गुफा, न्यौपाने गाउँ मन्दिर, थुम्की गुफा, थमथमी माई ग्यामी, पात्ले पर्यटकीय स्थल, त्रिवेणी धाम लगायतका गाउँपालिकाका धार्मिक तथा पर्यटकीय स्थलहरुमा पर्यटन पूर्वाधारहरुको विकास तथा विस्तार गर्दै उपयुक्त पूर्वाधार निर्माण गर्न प्रदेश सरकारसंग सहकार्य गरिनेछ ।

३६ आर्थिक विकासका लागि औद्योगिक विकास अपरिहार्य रहने हुँदा औद्योगिक ग्रामको स्थापना गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

३७ गाउँपालिकाभित्र सञ्चालित विभिन्न व्यवसायलाई थप व्यवस्थित गर्दै स्थानीय राजश्वको दायरामा ल्याइने छ। त्यसका लागि व्यवसाय दर्ता शिविर सञ्चालन गरिनेछ ।

३८ लघुउद्यम विकास कार्यक्रमलाई थप व्यवस्थित गरी सम्भावित सबै बस्तीस्तरमा विस्तार गरिनेछ । ड्राइभिङ, हाउस वायरिङ, प्लम्बङ, कपाल काट्ने, सिकर्मी, डकर्मी, सिलाइकटाइ जस्ता सीपमूलक तालिम तथा क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरी स्वरोजगारीको अवसर सिर्जना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**<u>सामाजिक क्षेत्र</u>**

**सदस्यज्यूहरु,**

३९ संघीय सरकारबाट निर्धारित कार्यविधि र मापदण्डको अधीनमा रही गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरु उपलव्ध शैक्षिक जनशक्ति, विद्यार्थी सङ्या र भौगोलिक अवस्थालाई मध्यनजर गरी क्रमशः कक्षा थपघट र विद्यालय समायोजनको नीति लिइनेछ ।

४० गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुको अवस्थामा थप सुधार ल्याई गुणस्तरीय शिक्षा प्रदान गरी गरिब र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ। उत्कृष्ट नतिजाका साथ शैक्षिक क्षेत्रमा उल्लेखनीय सुधार ल्याउने सामुदायिक विद्यालयलाई प्रोत्साहन गरिने नीति लिइनेछ । साथै क्रमशः **१ वडा १ सामुदायिक नमुना विद्यालय**को विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

४१ सबै सामुदायिक विद्यालयमा विद्युतीय शैक्षिक सामग्रीको प्रयोगलाई प्रोत्साहन गरिनेछ । सूचना प्रविधि एवं कम्प्युटर ल्याब स्थापना भएका तर जनशक्ति अभावका कारण अपेक्षित उपयोग र उपलब्धि दिन नसकेका विद्यालयका लागि सूचना प्रविधि सहजकर्ताको व्यवस्था गरी चुस्तदुरुस्त सञ्चालनको व्यवस्था गरिनेछ ।

४२ फरक क्षमता भएका बालबालिकाका साथै बालमैत्री विद्यालयको रुपमा विकास गर्ने गरी विद्यालयहरुको शैक्षिक तथा भौतिक संरचनाहरुमा क्रमशः सुधार गर्दै लगिनेछ। कमजोर आर्थिक अवस्थाका कारण शिक्षाको अवसरबाट वञ्चित हुनुपर्ने स्थितिलाई अन्त्य गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

४३ शिक्षा क्षेत्रमा कार्य गर्ने गैरसरकारी संघसंस्थाहरुसँग आवश्यक समन्वय गरी गाउँपालिकाको शैक्षिक विकासमा टेवा पुऱ्याउन एकीकृत कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

४४ दलित, महिला, आदिबासी जनजाति एवं सीमान्तकृत वर्गलाई शैक्षिक अवसरहरुको सुनिश्चितता प्रदान गर्ने व्यवस्था मिलाइनेछ । एस. ई. ई. लगायत विभिन्न तहमा गाउँपालिकाबाट सर्वोत्कृष्ट नतिजा ल्याउने सामुदायिक तथा संस्थागत विद्यालयका छात्रछात्राहरुलाई सम्मान गरिनेछ।

४५ जनप्रतिनिधि, शिक्षक, विद्यार्थी तथा अभिभावकसहितको संयुक्त उपस्थितिमा विद्यालयमा सार्वजनिक सुनुवाइ कार्यक्रम राख्ने व्यवस्था मिलाईनेछ । साथै सामुदायिक विद्यालयको शिक्षालाई थप प्रभावकारी बनाउने उद्देश्यका साथ **अध्यक्ष र उपाध्यक्षसंग विद्यार्थी** कार्यक्रम सञ्चालन गरिनेछ ।

४६ समुदायिक विद्यालयको शैक्षिक गुणस्तरवृद्धि र स्तरीकरणको सूचकसहित मापदण्ड विकास गरी कार्यान्वयनमा ल्याउन गाउँपालिकासंग प्रधानाध्यापक र प्रधानाध्यापकसंग शिक्षकको कार्यसम्पादन सम्झौता गरी प्रत्येक ३/३ महिनामा पुनरावलोकन गर्ने व्यवस्था मिलाइनेछ ।

४७ विद्यार्थीमा अन्तर्निहित विशिष्ट प्रतिभाको पहिचान र प्रतिभा प्रस्फुटन गराउने प्रदेश सरकारको नीति अनुसार यस गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा पनि **फ्राइडे फर फ्युचर** कार्यक्रमलाई आत्मसाथ गरी सञ्चालन गरिने छ साथै सामुदायिक विद्यालयको गुणस्तर सुधारका निमित्त अभिभावक शिक्षा तथा शैक्षिक जागरण अभियान सञ्चालन गरिनेछ ।

४८ सामुदायिक विद्यालयहरुमा दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिँदै थप विस्तारका लागि पहल गरिने छ ।

४९ एक विद्यालय एक पुस्तकालयका अवधारणा अनुसार प्रत्येक विद्यालयमा क्रमश पुस्तकालयको स्थापना गरिने छ यसलाई क्रमशः विद्युतीय पुस्ताकालयको रुपमा परिणत गरिने नीति अवलम्बन गरिनेछ ।

५० यस गाउँपालिकाका सबै बालबालिकालाई अनिवार्य रुपमा विद्यालय जाने कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ।साथै विद्यालयमा भर्ना भई बीचमा नै कक्षा छाड्ने अवस्थाको अन्यको लागि विशेष कार्यक्रम ल्याइनेछ र साक्षरतासम्बन्धी कार्यक्रममार्फत पैयूँ गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका बनाइनेछ ।

५१ प्रत्येक सामुदायिक विद्यालयमा व्यावसायिक शिक्षाको पाठ्यक्रम समावेश गरी **सिक्दै कमाउदै - कमाउदै सिक्दै** कार्यक्रम सञ्चालन गरिने छ । जसबाट विद्यार्थीहरुमा आत्मनिर्भर तथा व्यावसायिक हुन हौसला मिल्नेछ ।

५२ प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि एक प्राविधिक शिक्षालय स्थापना गर्ने पहल गरिनेछ ।

५३ वैदेशिक रोजगारीबाट गाउँ फर्केका युवाहरुलाई मध्यनजर गरी उनीहरुको सीपलाई उपयोग गर्न **युवा उद्यमशीलता कार्यक्रम** सञ्चालन गरिनेछ ।

५४ युवालक्षित सीपमूलक तालिम सञ्चालन गरी स्वरोजगारीको अवसर सिर्जना गर्दै विदेश पलायनको वर्तमान स्थितिमा सुधार ल्याइनेछ । विभिन्न युवा क्लबहरु तथा युवालक्षित संघ संस्थाहरुसँग सहकार्य गर्दै युवाहरुमा नेतृत्व विकासका अवसरहरु प्रदान गरिनेछ ।

५५ खेलकुदलाई मनोरञ्जन र स्वास्थ्यसँग आबद्ध गरी यसको विकास गरिने छ । साथै गाउँपालिकाभित्र रहेका **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरुलाई** सम्मान र प्रोत्साहन गरिनेछ ।

५६ खेलकुद विकासलाई जोड दिँदै **गाउँपालिकास्तरीय रङ्गशाला निर्माण** लगायत खेलकुदसम्बन्धी पूर्वाधार निर्माणको सुरुवात गरिनेछ । खेलकुद क्षेत्रको विकासका लागि क्रमशः**१ वडा १ खेल मैदान निर्माण गर्ने नीति लिईनेछ ।**

५७ सामुदायिक प्रहरीसँगको समन्वयमा युवाहरुलाई दुर्व्यसनीमा लाग्न नदिन सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५८ गाउँपालिकाभित्र स्थापना भएका युवा क्लबहरुलाई समाज सुधार तथा विकास निर्माण कार्यमा आबद्ध गर्ने नीति अवलम्बन गरिनेछ ।

**सदस्यज्यूहरु,**

५९ आधारभूत स्वास्थ्य नागरिकको मौलिक हकका रुपमा रहेकाले स्वास्थ्य चौकी, औषधालय, निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा स्वास्थ्यकर्मीहरुको सेवालाई नियमित र पहुँचयोग्य बनाउन थप व्यवस्था गरिनेछ।

६० भौगोलिक अवस्था, जनघनत्व र स्थानीय आवश्यकतालाई मध्यनजर गरी गाउँपालिका क्षेत्रभित्र थप आधारभूत स्वास्थ्य इकाई स्थापना गर्ने नीति अवलम्बन गरिनेछ ।

६१ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमासुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निःशुल्क गर्भपतन कार्यक्रम सञ्चालन गरिनेछ।परिवार नियोजन तथा किशोर किशोरी प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।

६२ ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरुको लागि स्वास्थ्य जाँच तथा उपचारका लागि विशेषज्ञ सेवा सहितको स्वास्थ्य जाँच उपचार शिविर सञ्चालन गरिनेछ ।

६३ महिलाहरुको पाठेघर र स्तन क्यान्सर रोकथाम, २ वर्ष मुनिका बालबालिकाहरुको पोषण स्थितिमा सुधार लगायत स्वास्थ्यसम्बन्धी पर्याप्त जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६४ गाउँपालिकाभित्र अत्यावश्यक पर्ने औषधीहरु वर्षभरि नै पर्याप्त हुने गरी व्यवस्था मिलाइने छ ।

६५ सुरक्षित प्रसूति सेवाका माध्यमबाट मातृशिशु मृत्युदरलाई न्यूनीकरण गर्न गाउँपालिकाभित्र सञ्चालित सबै बर्थिङ सेन्टरहरुलाई सुविधा सम्पन्न बनाइनेछ साथै स्वास्थ्य संस्थाबाहिर सुत्केरी हुने दरलाई शून्यमा झार्दै **संस्थागत सुत्केरी सेवा गाउँपालिका** बनाउन विशेष अभियानको थालनी गरिने छ।

६६ विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न **विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमको** सुरुवात गरिनेछ ।

६७ विभिन्न सरुवा रोगहरु तथा महामारी रोकथामका निम्ति जनचेतनामूलक कार्यक्रमको व्यवस्था गरिने छ । साथै आयुर्वेद चिकित्सा पद्धतितर्फ नागरिकहरुलाई प्रोत्साहित गरिनेछ।

६८ गाउँपालिका अन्तर्गत उपलब्ध स्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाउन आवश्यक पर्ने औजार उपकरण सामग्रीको सुनिश्चितता गरिनेछ ।

६९ गाउँपालिका अन्तर्गत समुदाय स्तरमा सेवारत सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकाहरुको सेवा प्रभावकारी बनाउन ६० वर्ष उमेर पुगेकालाई सम्मानजनक विदाई र नयाँलाई आवश्यक तालिमको ब्यवस्था गरिने छ ।

७० गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने महिलाहरु सुत्केरी भएको अवस्थामा उचित पोषणको ब्यवस्था गरिनेछ । **उपाध्यक्षसँग गर्भवती र सुत्केरी सञ्चो बिसञ्चो कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।

७१ जेष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरुलाई आवश्यकतानुसार ह्वील चियर, वैशाखी, बेड, ईयर डिभाइस लगायतका सामग्रीहरुको व्यवस्था गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

७२ सबै प्रकारका हिंसाहरु, जातीय तथा लैङ्गिक विभेद, छुवाछुत र कुप्रथामुक्त गाउँपालिका निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

७३ विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी सशक्तीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ । एकल महिला, विपन्न तथा न्यून आय भएकाहरुका लागि आयमूलक एवं क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गरिने छ ।

७४ गाउँपालिकामा एक शव-वाहनको व्यवस्था मिलाई शवदाह स्थानसम्म निःशुल्क सेवा दिने व्यवस्था मिलाइनेछ ।

७५ सबै प्रकारका फरक क्षमता भएका व्यक्तिहरुका लागि क्षमता विकास एवं उनीहरुको सामाजिक सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउँदै लाने नीति अवलम्बन गरी **अध्यक्षसँग जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य परीक्षण कार्यक्रम** सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

७६ बालबालिकासम्बन्धी बाल सञ्जाल एवं बालबालिकाको क्षमता विकासका कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

७७ निर्माण गरिएका वा गरिने सामाजिक एवं भौतिक पूर्वाधारहरुलाई बालबालिका एवं अपाङ्गतामैत्री बनाउँदै लगिने नीतिलाई निरन्तरता दिइनेछ ।

७८ आदिबासी जनजातिलगायत स्थानीय मौलिक भाषा संस्कृति, भेषभूषा तथा परम्पराहरुको संरक्षण एवं सम्वर्धन गरिनेछ।साथै गाउँपालिकाका सबै जातजातिको मौलिक सँस्कृतिको संरक्षण गर्नका लागि गाउँपालिका स्तरीय **एक सङ्ग्रहालय** स्थापनाका लागि पहल गरिने छ ।

७९ गाउँपालिकाभित्रका आर्थिक तथा सामाजिक रुपले पिछडिएका तथा लोपोन्मुख जातिहरुको संरक्षणका लागि ठोस तथा प्रभावकारी कदम चालिनेछ।

८० गाउँपालिकाभित्रका सुरक्षित घरबास नभएका परिवारहरुलाई आवास निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

८१ गाउँपालिकाभित्र परम्परागत रुपमा सञ्चालित मेला तथा जात्राहरुलाई संरक्षण तथा सम्वर्द्धन गरिनेछ।

८२ सामाजिक न्यायलाई जनस्तरमा पुऱ्याउन स्थानीय न्यायिक समिति तथा वडास्तरमा स्थापना भएको मेलमिलाप सहजकर्तालाई क्रियाशिल बनाइनेछ ।

८३ समाजमा विद्यमान जातीय विभेद, दाइजो प्रथा, महिला हिंसा, बालविवाह जस्ता कुरीतिलाई निरुत्साहित गरिनेछ, जाँड रक्सी, जुवातास तथा लागु औषध दुर्व्यसनी जस्ता सामाजिक विकृतिलाई नियन्त्रण गरिनेछ ।

८४ पूर्ण सरसफाइसम्बन्धी राष्ट्रिय रणनीति कार्यान्वयन गरी सरसफाइको क्षेत्रमा नमुना गाउँपालिका बनाउन ठोस कदम चालिनेछ ।

८५ प्रदेश सरकारको नीति तथा कार्यक्रममा रहेको सबै घरपरिवारलाई आधारभूत स्तरको खानेपानी सेवा पुऱ्याउन सञ्चालित **एक घर एक धारा**को कार्यक्रमलाई आत्मसात गर्दै नयाँ निर्माण तथा जीर्ण खानेपानी आयोजनाको मर्मतसम्भार गरी प्रशोधनसहितको खानेपानी योजना सञ्चालन गर्न प्रदेश सरकारसँग समन्वय गरी कार्यान्वयन गरिनेछ ।

८६ परम्परागत रुपमा निर्मित कुवा, ढुङ्गे धारा, चौतारी, पोखरीहरुको संरक्षण एवं सम्वर्द्धनलाई निरन्तरता दिइनेछ ।

८७ गाउँपालिका क्षेत्रभित्र रहेका बजारोन्मुख स्थानहरुमा आवश्यकतानुसार डस्टबिन र सार्वजनिक शौचालयहरुको व्यवस्था गरिनेछ । साथै हालसम्म पनि शौचालय निर्माण गर्न नसकेका विपन्न परिवारका लागि शौचालय निर्माण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

**सदस्यज्यूहरु,**

**<u>पूर्वाधार क्षेत्र</u>**

स्थानीय सडक सञ्जाललाई व्यवस्थित गरी यातायात सेवालाई प्रभावकारी बनाउन गाउँपालिकाको **यातायात गुरु योजना** निर्माण गरिनेछ ।

८८ गाउँपालिकाको दिगो विकास तथा समृद्धिका लागि सात वटै वडा समेट्ने गरी गाउँपालिकास्तरीय गौरवका आयोजना निर्माणको थालनी गरिने छ ।

८९ सडक, पुल, खानेपानी, सिंचाइ जस्ता भौतिक पूर्वाधार निर्माणमा आर्थिक, सामाजिक तथा वातावरणीय पक्षको अध्ययन गरी गुणस्तरीय एवं वातावरणमैत्री भौतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ । साथै ग्रामिण सडकहरुलाई बाह्रै महिना सञ्चालन हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

९० गाउँपालिकाभित्र सञ्चालनमा रहेका सडकहरुको स्तरोन्नति गरी **सबै र सधैंका लागि सडक** भन्ने मूल मर्मलाई आत्मसात गर्न सडक स्तरोन्नतिको कार्यलाई निरन्तरता दिइनेछ ।

९१ ग्रामीण तथा कृषि सडकहरु निर्माण गर्दा स्थानीय स्तरमा उत्पादन हुने निर्यातयोग्य उत्पादनलाई आधार मानी प्राथमिकता दिइनेछ।

९२ गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक तथा सरकारी जग्गाको एकीकृत लगत सङ्कलन गरी सरकारी तथा सार्वजनिक हितका लागि प्रयोग गरिनेछ ।

९३ यातायातका साधनहरुको व्यवस्थित पार्किङका लागि बसपार्क निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

९४ गाउँपालिकालाई कार्यक्षेत्र बनाएर स्वच्छ पत्रकारिता गर्ने सञ्चारकर्मी/पत्रकारहरुलाई प्रोत्साहन गरिनेछ।गाउँपालिकाभित्र सञ्चालन हुने डिजिटल अनलाइन पत्रिका, एफ. एम. रेडियो लगायत सञ्चार मिडियालाई प्रोत्साहन गरिनेछ ।

९५ निजी क्षेत्र, गैर सरकारी संघ संस्था/व्यक्तिको अग्रसरतामा निर्माण हुने पर्यटकीय पूर्वाधार, सुरक्षित बस्ती स्थापना लगायतका कार्यलाई गाउँपालिकाले प्रोत्साहन गर्नेछ ।

९६ गाउँपालिकाभित्रका बजारोन्मुख क्षेत्रहरुमा सौर्य सडक बत्तीको व्यवस्था गर्दै **उज्यालो पैयूँ अभियान** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**सदस्यज्यूहरुः**

**<u>वन,वातावरण तथा विपद् व्यवस्थापन</u>**

९७ मानव - वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्न जनचेतना, राहत, तथा क्षतिपूर्तिको प्रक्रियालाई आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।वन्य जन्तुका लागि वनमा रहेका पानीका स्रोतहरु संरक्षण गरी वर, पिपल, समी लगायत वनजन्य फलफूलका विरुवा रोप्ने कार्यलाई प्रोत्साहन गरिने छ ।

९८ नदी तथा खोलामा तटबन्ध निर्माण गरी नदी किनाराका बस्ती, संरचना, सम्पदा जमिन संरक्षण गर्ने तथा जग्गा उकास गर्ने र आकस्मिक रुपमा आइपरेका जलउत्पन्न प्रकोपको क्षतिको प्रभाव न्यूनीकरण गर्ने प्रदेश सरकारको नीति अनुरुप उक्त कार्यका लागि प्रदेश सरकारसंग समन्वय तथा सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

९९ सबै प्रकारका विपद्बाट सिर्जना हुने सङ्कटपूर्ण परिस्थितिलाई मध्यनजर गर्दै विपद् व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ । उक्त कोषबाट विपद्मा परेका नागरिकहरुलाई तत्काल आर्थिक राहत प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०० स्थानीय नागरिकको सहभागिताका माध्यमबाट वनको संरक्षण, दिगो व्यवस्थापन तथा संस्थागत सुदृढीकरण गरी दैनिक जीवनयापनमा आवश्यक पर्ने वन पैदावारको सुलभ आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ ।

१०१ गाउँपालिकाभित्र बढ्दै गरेको बजारीकरणबाट उत्पन्न फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधानका आगामी आर्थिक वर्षदेखि फोहोरमैला सङ्कलन तथा ब्यवस्थापनको कार्य सुरुवात गरिनेछ । साथै गाउँपालिकाका सबै वडाहरुमा सरसफाई तथा फोहोरमैला व्यवस्थापनसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१०२ गाउँपालिका क्षेत्रभित्र रहेका लोपोन्मुख वनस्पति, जडिबुटी र वन्यजन्तुहरुको पहिचान गरी संरक्षण र सम्वर्द्धन गरिने कार्यलाई निरन्तरता दिइनेछ।

१०३ भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्य तत्काल अगाडि बढाई सोको रोकथाम तथा नियन्त्रणका उपायहरु अवलम्बन गरिनेछ । साथै जलवायु परिवर्तन अनुकूलन तथा वातावरण संरक्षणमा टेवा पुऱ्याउने जनचेतनामूलक कार्यक्रमलाई जोड दिइनेछ ।

१०४ घरवरिपरि तथा खेतीयोग्य जमिनमा रहेका जोखिमयुक्त रुखहरुको कटान गर्ने अभियान सञ्चालनमा निरन्तरता दिइने छ ।

१०५ संघ तथा प्रदेश सरकारको समन्वय र सहकार्यमा मनसुनजन्य तथा आगलागीजन्य विपद् प्रभावितलाई निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**सदस्यज्यूहरु,**

**<u>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</u>**

१०६ सेवाप्रवाहमा जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरु, महिला तथा बालबालिकाहरुलाई प्राथमिकता दिँदै नागरिकहरुलाई घर दैलोमै सेवा प्रवाह गर्न घुम्ती सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०७ सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई अनलाइन प्रविधिमार्फत् सञ्चालन गरिएकोमा यस कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१०८ सेवाप्रवाहमा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोगमार्फत सार्वजनिक सेवाप्रवाहलाई थप छिटो छरितो र सहज बनाउँदै आन्तरिक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

१०९ सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ जस्ता सार्वजनिक उत्तरदायित्वका अवयवहरुको प्रभावकारी उपयोग गर्दै आर्थिक पारदर्शिता कायम गरी भ्रटाचारविरुद्ध शून्य सहनशीलताको नीतिलाई अवलम्बन गरिने छ ।

११० स्थानीय आवश्यकता र उपलब्धता बीच सामञ्जस्यता कायम गरी सार्वजनिक, सहकारी र निजी क्षेत्रमा उपलब्ध स्रोतसाधनको उत्पादनशील क्षेत्रमा परिचालन गरी दिगो एवं उत्थानशील विकासमा जोड दिइनेछ ।

१११ गाउँपालिकाको विविध पक्षको अध्ययन, अनुसन्धान र जनप्रतिनिधि तथा कार्यरत कर्मचारीहरुको क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्न गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानसंग समन्वय र सहकार्य गरिनेछ ।

**सदस्यज्यूहरु,**

११२ स्थानीय सरकारले प्राप्त गरेका उपलब्धिहरुलाई संस्थागत गर्दै आर्थिक, सामाजिक र साँस्कृतिक सबै क्षेत्रको तीव्र विकास गरी आधुनिक कृषि, प्रविधि, पर्यटन र पूर्वाधार पैयूँबासीको समृद्धिको आधार भन्ने दीर्घकालीन लक्ष्य पूरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

११३ प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयनमा सबै क्षेत्रबाट सहयोगको अपेक्षा राख्दछु । साथै नीति तथा कार्यक्रमको कार्यान्वयनले समृद्ध पैयूँ स्थापित भई पैयूँबासीमा खुसी प्राप्ति हुदै जाने कुरामा म विश्वस्त छु ।

अन्त्यमा, पैयूँको विकासमा योगदान पुऱ्याउने स्थानीय राजनैतिक दलहरु, निजी क्षेत्र र सहकारी क्षेत्रहरुप्रति आभार प्रकट गर्दछु । आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण भूमिका खेल्नुहुने राष्ट्रसेवक कर्मचारी, श्रमिक तथा श्रमजीवी, स्थानीय नागरिक समाज, बुद्धिजीवी, पत्रकार/सञ्चारकर्मी तथा पैयूँबासीलाई धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद ।**

**तोरण मल्ल ठकुरी**
**अध्यक्ष**